# शिक्षक सेवा आयोग (नवौं संशोधन) नियमावली, २०७१

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (नवौं संशोधन) नियमावली, २०७१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २ मा संशोधन:** शिक्षक सेवा आयोग नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ४ मा संशोधन: मूल नियमावलीको नियम ४ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपीएको छ :-**

"(ग१) उजूरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षा सम्बन्धी काजजात धुल्याउने,"

४. **मूल नियमावलीको नियम ६क. मा संशोधन :** मूल नियमावलीको नियम ६क. को उपनियम (५) मा रहेको "चालीस" भन्ने शब्दको सट्टा "पचास" भन्ने शब्द राखिएको छ।

५. **मूल नियमावलीको नियम ६ख. मा संशोधन: मूल नियमावलीको नियम ६ख. को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-**

"(क) यो खण्ड प्रारम्भ हुँदाका बखत वहाल रहेका स्थायी शिक्षकमध्ये कुनै कारणले स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेका शिक्षक,"

६. **मूल नियमावलीको नियम ६घ. मा संशोधन:** मूल नियमावलीको नियम ६घ. को,

(१) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

“(क) सम्वत २०५७ साल कार्तिक चौबीस गते भन्दा अघि शिक्षक पदमा नियुक्ति पाई यो खण्ड प्रारम्भ हुनु अघि कम्तीमा चौध वर्ष अध्यापन गरेका गैर नेपाली नागरिक, ”

(२) उपनियम (३) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका “सम्वत् २०७१ साल कार्तिक २२ गतेभित्र” भन्ने शब्दहरुको सट्टा “सम्वत् २०७५ साल कार्तिक २२ गतेभित्र” भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ:-

“८. <u>विवरण उपलब्ध गराउनु पर्ने</u>: (१) प्रत्येक जिल्ला शिक्षा कार्यालयले जिल्लाभित्रका सामुदायिक विद्यालयमा रहेको स्वीकृत रिक्त दरबन्दीको विवरण प्रत्येक छ महिनामा शिक्षा विभागमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण पठाउँदा जिल्ला शिक्षा कार्यालयले कुन विद्यालयको कुन कुन तह र विषयगत दरबन्दी रिक्त रहेको छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएपछि शिक्षा विभागले कूल रिक्त दरबन्दी यकिन गरी दरबन्दी रिक्त रहेको विद्यालय, तह र विषयगत विवरण खुलाई शिक्षक पदपूर्तिको लागि दुई महिनाभित्र आयोगमा लेखी पठाउनु पर्नेछ।”

८. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>: मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (२) मा रहेका “वा अपाङ्ग” भन्ने शब्दहरुको सट्टा “वा अपाङ्गता भएका व्यक्ति” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (६) पछि देहायका उपनियम (७), (८) र (९) थपिएका छन:-

“(७) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग,इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा

वाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले सो खण्ड बमोजिमको तालीम नलिए पनि माध्यमिक तहको अध्यापन अनुमतिपत्र वा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ।

(८) उपनियम (७) बमोजिम उम्मेदवार भएको व्यक्ति शिक्षक पदमा नियुक्ति भएमा निजले त्यसरी नियुक्ति भएको पाँच वर्षभित्र शिक्षा विषयमा कम्तीमा दश महिना वा सो सरहको तालीम लिइसक्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको तालीम नलिएको शिक्षकले त्यस्तो तालिम नलिएसम्म बढुवाको लागि उम्मेदवार हुन सक्ने छैन।"

९. <u>मूल नियमावलीको नियम ११ख. मा संशोधन:</u> मूल नियमावलीको नियम ११ख. को उपनियम (१) मा रहेका "जिल्ला शिक्षा कार्यालयबाट" भन्ने शब्दहरुको सट्टा "शिक्षा विभागबाट" भन्ने शब्दहरु राखिएका छन्।

१०. <u>मूल नियमावलीको नियम १२ मा संशोधन:</u>मूल नियमावलीको नियम १२ को उपनियम (१) मा रहेका "छुट्टा छुट्टै जिल्लाको छुट्टा छुट्टै विज्ञापन" भन्ने शब्दहरुको सट्टा "प्राथमिक तहको हकमा जिल्लागत र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा क्षेत्रीयस्तरमा विज्ञापन" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल नियमावलीको नियम २२ मा संशोधन:</u> मूल नियमावलीको नियम २२ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) अनुभव वापत सोही तहको अस्थायी वा राहत अनुदान कोटा अन्र्तगतको शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको एक नम्बरको दरले बढीमा बाह्र अङ्क,

तर आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा अस्थायी वा राहत अनुदान कोटा अन्र्तगतको शिक्षकको रुपमा काम गरे वापतको अङ्क दिइने छैन।

<u>स्पष्टीकरण</u>: यस नियमको प्रयोजनको लागि “राहत अनुदान कोटा अर्न्तगतको शिक्षक” भन्नाले नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको राहत अनुदान कोटा अर्न्तगत नियुक्त भएको शिक्षक सम्झनु पर्छ।”

१२. **<u>मूल नियमावलीको नियम २४ मा संशोधन</u>:** मूल नियमावलीको नियम २४ को उपनियम (२), (३) र (४) को सट्टा देहायका उपनियम (२), (३) र (४) राखिएका छन्:-

“(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ।

(३) आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस गरिएको पद संख्याको आधारमा प्राथमिक तहमा पचास प्रतिशत र निम्न माध्यमिक तथा माध्यमिक तहमा शत प्रतिशतले हुने संख्यामा छुट्टै योग्यता क्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(४) उप नियम (३) बमोजिम सूची प्रकाशन गर्दा खुला प्रतियोगिता तर्फका बैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखिनेछ।”

१३. **<u>मूल नियमावलीको नियम ३१ मा संशोधन</u>:** मूल नियमावलीको नियम ३१ को,-

(१) उपनियम (१) मा रहेका “प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क” भन्ने शब्दहरुको सट्टा “प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमश: ७, ६ र ५ अङ्क” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेका “तालीम वापत १० अङ्क” भन्ने शब्दहरुको सट्टा “तालीम वापत ७ अङ्क” भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्:-

“(४) सम्बन्धित तह वा श्रेणीका लागि तोकिएको पेशागत विकास सम्बन्धी कम्तीमा एक महिने सेवाकालीन तालीम प्राप्त शिक्षकलाई श्रेणीका आधारमा प्रथम, द्वितीय र तृतीय श्रेणी वापत क्रमश: ३, २ र १ अङ्क दिइनेछ।

(५) उपनियम (४) बमोजिमको सेवाकालीन तालीमको लागि शिक्षकलाई मनोनयन गर्दा वरिष्ठताको आधारमा गरिनेछ।”